(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# स्टाण्डर्ड नाप र तौल ऐन, २०२५

| | | |
|---|---|---|
| | | <u>लालमोहर र प्रकाशन मिति</u> |
| | | २०२५।७।९ |
| <u>संशोधन गर्ने ऐन</u> | | |
| १. | स्टाण्डर्ड नाप र तौल (पहिलो संशोधन) ऐन, २०३३ | २०३३।७।४ |
| २. | स्टाण्डर्ड नाप र तौल (दोस्रो संशोधन) ऐन, २०४२ | २०४२।६।९ |
| ३. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ४. | स्टाण्डर्ड नाप र तौल (तेस्रो संशोधन) ऐन, २०४४ | २०४४।६।९ |
| ५. | स्टाण्डर्ड नाप र तौल (चौथो संशोधन) ऐन, २०४५ | २०४५।७।१० |
| ६. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
| ७. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६♣ | २०६६।१०।७ |
| ८. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४♠ | २०७४।६।३० |
| ९. | मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७६।१।२ |
| १०. | स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) ऐन, २०७९ | २०७९।५।२८ |

२०२५ सालको ऐन नं. १७

2.................

<u>मेट्रिक पद्धतिमा आधारित नाप तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने व्यवस्था गर्न बनेको ऐन</u>

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

♣ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको।
♠ यो ऐन संवत् २०७५ साल भाद्र १ गतेदेखि लागू भएको।
2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

<u>प्रस्तावना</u>: नेपाल [2]............ भरी मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव</u>बाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद–१
## <u>प्रारम्भिक</u>

१. <u>सक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यस ऐनको नाम "स्टाण्डर्ड नाप र तौल ऐन, २०२५" रहेको छ ।

(२) यो ऐन नेपाल [2]............ भर लागू हुनेछ ।

(३) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको ठाउँमा तोकिदिएको मिति देखि तोकिदिएको कारोबार वा मालसामानको सम्बन्धमा प्रारम्भ हुनेछ।⊙

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) ✂...............

(ख) ⏭...............

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⊙ स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लागू हुने बारेको नेपाल राजपत्रमा सूचना प्रकाशित मितिः-

| | |
|---|---|
| (१) २०२७।५।१५ | (१०) २०३४।१।२० |
| (२) २०२८।३।१४ | (११) २०३४।७।१५ |
| (३) २०३०।३।१८ | (१२) २०३४।११।९ |
| (४) २०३१।५।३१ | (१३) २०३६।१।१० |
| (५) २०३१।७।२६ | (१४) २०३६।९।९ |
| (६) २०३२।१।१५ | (१५) २०३६।११।७ |
| (७) २०३२।१२।१६ | (१६) २०३७।८।२३ |
| (८) २०३३।४।४ | (१७) २०३९।३।७ |
| (९) २०३३।७।१६ | (१८) २०४०।७।२१ |

✂ पाँचौं संशोधन द्वारा झिकिएको ।



कानून तथा संसदीय मामिला मन्त्रालय

(ग) "सामान्य वायुमण्डलीय चाप" भन्नाले प्रति वर्ग मिटर १०१३२५ न्यूटनको चाप सम्झनु पर्छ ।

स्पष्टीकरण: एक किलोग्रामको राशीलाई एक मिटर प्रति सेकेण्ड प्रति सेकेण्डको दरले गति बढाउने बल (फोर्स) लाई न्यूटन मानिन्छ ।

(घ) "व्यापारिक नाप वा तौल" भन्नाले वाणिज्य तथा व्यापारको कारोबारमा व्यवहार गरिने स्टाण्डर्ड नाप र तौललाई जनाउँछ ।

(ङ) "नाप्ने यन्त्र" भन्नाले तौलने यन्त्र बाहेक अरु जुनसुकै नाप्ने यन्त्रलाई सम्झनु पर्छ र यस शब्दले लम्बाइ, क्षेत्रफल, आयतन वा ग्राहिता नाप्ने वा गन्ने यन्त्र समेतलाई जनाउँछ ।

(च) "तौलने यन्त्र" भन्नाले तौलने काममा व्यवहार गरिने सबै किसिमको तौलने यन्त्र र दुई पल्ला भएको तराजु र सो तराजुमा व्यवहार हुने ढक समेतलाई जनाउँछ ।

(छ) "मोहर बन्द प्याकेज" भन्नाले बिक्रीको समयमा त्यसभित्र रहेको वस्तुको कुनै नाप वा तौल नगरी बेच्ने अभिप्रायले राखिएको बन्दी पोको, शिशी, पीपा, टिन, व्यारल बाकस, भाँडो, थैलो, बोरा वा यस्तै अरु कुनै प्याक गरिएको चीजलाई सम्झनु पर्छ ।

(ज) "टाँचा" भन्नाले ढालेर खोपेर, कुँदेर, डामेर वा कुनै तरिकाले यथासम्भव नमेटिने गरी लगाइएको टाँचालाई सम्झनु पर्छ ⌛र सो शब्दले त्यस्तो सिलछाप लगाउन नमिल्ने यन्त्रमा सजिलै नउप्किने वा नफुत्किने गरी टाँसिएको निरीक्षकद्वारा प्रमाणित सिलछापलाई समेत जनाउँछ ।

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

⌛ पाँचौं संशोधन द्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(झ) "जाँच" भन्नाले नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाँच्ने वा परीक्षण गर्ने कामलाई सम्झनु पर्छ र यो शब्दले पुनः जाँच गर्ने काम समेतलाई जनाउँछ ।

✂(ञ) "नियन्त्रक" भन्नाले ✂.............. विभागको महानिर्देशक सम्झनु पर्छ ।

❈(ट) "निरीक्षक" भन्नाले नेपाल सरकारले यो ऐनको प्रयोजनको लागि नियुक्त गरेको वा तोकिदिएको अधिकारीलाई सम्झनु पर्छ ।

🕮(ट१) "नाप तौलको साधारण सभा" भन्नाले कन्भेन्सन ड्यू मिटर अन्तर्गत स्थापना भएको कन्फरेन्स जनरल डे प्वाइड्स ए मेजर्स सम्झनु पर्छ ।

🕮(ट२) "नाप तौलको अन्तर्राष्ट्रिय कार्यालय" भन्नाले कन्भेन्सन डयू अन्तर्गत स्थापना भएको ब्यूरो इण्टरनेशनल डे प्वाइड्स ए मेजर्स सम्झनु पर्छ ।

🕮(ट३) "कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्था" भन्नाले कन्भेन्सन इन्स्टिच्यूयण्ट यून अर्गनाइजेशन इण्टरनेशनल डे मेट्रोलोजी लिगल अन्तर्गत स्थापना भएको अर्गनाइजेशन इनटरनेशन डे मेट्रोलोजी सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।
✂ पाँचौं संशोधनद्वारा झिकिएको ।

❈ मिति २०२७।११।१० को नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको ।
🕮 पहिलो संशोधनद्वारा थप ।

⌛(ड) "विभाग" भन्नाले नेपाल गुणस्तर तथा नापतौल विभाग सम्झनु पर्छ।

परिच्छेद–२

<u>स्टाण्डर्ड नाप र तौल</u>

🕮२क. <u>नाप तौलको एकाइहरुः</u> (१) नाप तौलका प्रत्येक एकाइहरु मेट्रिक प्रणालीमा आधारित हुनेछन् ।

(२) उपदफा (१) को प्रयोजनको निमित्त,–

(क) नापतौलको साधारण सभाले सिफारिस गरेको अन्तर्राष्ट्रिय प्रणालीका एकाइहरु, र

(ख) कानूनी नापतौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिस गर्ने अरु अतिरिक्त एकाइहरु, मेट्रिक प्रणालीका एकाइहरु हुनेछन् ।

α३. <u>मिटरः</u> (१) मिटर लम्बाइको मूल एकाइ हुनेछ ।

(२) “मिटर” भन्नाले प्रकाशले १/२९९७९२४५८ सेकेण्डको अवधिभित्र शून्य ठाउँ (भ्याकुम) मा तय गरेको दूरीलाई जनाउँछ ।

▥(३) नेपाल सरकारले मिटरको परिमाण (भ्यालु) निकाल्ने मिटरको एक राष्ट्रिय स्टाण्डर्ड बनाउनेछ। त्यस्तो स्टाण्डर्ड मिटरको अन्तर्राष्ट्रिय स्टाण्डर्ड अनुसार प्रमाणित गराई विभागमा नियन्त्रकको जिम्मामा राखिनेछ।

α४. <u>किलोग्रामः</u> (१) किलोग्राम राशीको मूल एकाइ हुनेछ ।

---

⌛ पाँचौं संशोधन द्वारा थप ।

🕮 पहिलो संशोधनद्वारा थप ।

α चौथो संशोधनद्वारा संशोधित ।

▥ पाँचौं संशोधन द्वारा संशोधित ।

[≋](१क) "किलोग्राम" भन्नाले जुल सेकेण्ड एकाइमा व्यक्त गरिएको प्लाङ्क अचर राशीको निश्चित सङ्ख्यात्मक मान ६.६२६०७०१५-१०$^{-३४}$ को आधारमा निकालिएको परिमाण सम्झनु पर्छ र जुल सेकेण्ड बराबर किलोग्राम वर्गमिटर प्रति सेकेण्ड हुन्छ।

[▣](२) नेपाल सरकारले किलोग्रामको परिमाण निकाल्ने किलोग्रामको एक राष्ट्रिय स्टाण्डर्ड बनाउनेछ। त्यस्तो स्टाण्डर्ड अन्तर्राष्ट्रिय किलोग्राम स्टाण्डर्ड वा सो अनुसार बनाइएको अन्य मुलुकको राष्ट्रिय स्टाण्डर्ड अनुसार प्रमाणित गराई विभागमा नियन्त्रकको जिम्मामा राखिनेछ।

(३) उपदफा (१) र दफा ८ख. मा जुनसुकै कुरा लेखिएको भए तापनि बहुमूल्य रत्नको लागि राशीको मूल एकाइ एक किलोग्रामको पाँच हजार खण्डको एक खण्ड बराबरको एक क्यारेट हुनेछ ।

(४) कुनै स्थानमा तौलको स्टाण्डर्ड एकाइ सो स्थानमा राशीको मूल एकाइको तौल हुनेछ ।

५. [α]<u>सेकेण्ड:</u> (१) सेकेण्ड समयको मूल एकाइ हुनेछ ।

[*](२) सिजियम एच–१३३ परमाणुको भौतिक अवस्था (ग्राउण्ड स्टेट) को दुई अति मिहीन सतह (हाइपर फाइन लेवल) बीचको स्थितिको अन्तरमा हुने विकिरण (रेडिएशन) को ९१९२६३१७७० गुणा समयावधिलाई सम्झनु पर्छ ।

६. [α]<u>एम्पिएर:</u> (१) एम्पिएर विद्युत धाराको मूल एकाइ हुनेछ ।

[▣] (२) "एम्पियर " भन्नाले कोलम्ब एकाइमा व्यक्त गरिएको विद्युतको इलिमेन्ट्री चार्जको निश्चित सङ्ख्यात्मक मान १.६०२१७६६३४-१०$^{-१९}$ को आधारमा निकालिएको विद्युतीय धारा सम्झनु पर्छ र कोलम्ब बराबर एम्पियर सेकेण्ड हुन्छ।

---

[≋] पाँचौं संशोधन द्वारा थप ।

[▣] पाँचौं संशोधन द्वारा संशोधित ।

[*] पहिलो संशोधनद्वारा संशोधित ।

[α] चौथो संशोधनद्वारा संशोधित ।

⌘७. α<u>केलभिन:</u> (१) केलभिन थर्मोडाइनामिक तापक्रमको मूल एकाइ हुनेछ ।

▯(२) "केलभिन" भन्नाले जुल प्रति केलभिन एकाइमा व्यक्त गरिएको बोल्जमेन अचर राशीको निश्चित सङ्ख्यात्मक मान १.३८०६४९-१०$^{-२३}$ को आधारमा निकालिएको थर्मोडाइनामिक तापक्रम सम्झनु पर्छ र जुल प्रति केलभिन बराबर किलोग्राम वर्गमिटर प्रति वर्ग सेकेण्ड प्रति केलभिन हुन्छ।

(३) केलभिन तापक्रमको अन्तर जनाउनेमा समेत प्रयोग गरिनेछ ।

(४) तापक्रमको अन्तर्राष्ट्रिय व्यावहारिक स्केलको सेल्सीयस डिग्री, जसको बराबर २७३.१५ केलभिन हुन्छ✂................ ।

(५) सेल्सियस डिग्रीलाई तापक्रमको अन्तर जनाउनेमा समेत प्रयोग गर्न सकिनेछ ।

८. α<u>क्याण्डेला:</u> (१) क्याण्डेला प्रकाश तिव्रताको मूल एकाइ हुनेछ ।

(२) "क्याण्डेला" भन्नाले प्रत्येक वर्गमिटर १.१३२५ न्यूटन चापमा प्लाटिनम जम्ने तापक्रममा कृष्ण पिण्ड (ब्लाक बडी) को १/६००००० वर्गमिटर सतहको लम्ब दिशाको प्रकाश तिब्रता (लुमिनस इण्टेन्सिटी) लाई जनाउँछ ।

🕮८क.<u>मोल:</u> (१) मोल बस्तुको परिमाणको मूल एकाइ हुनेछ ।

▯(२) "मोल" भन्नाले परमाणु, अणु, आयन, इलेक्ट्रोन जस्ता इलिमेन्ट्री इन्टिटिजको ठीक ६.०२२१४०७६×१०$^{२३}$ सङ्ख्यात्मक मान सम्झनु पर्छ। उक्त सङ्ख्या एभोगाद्रो अचर राशीको निश्चित सङ्ख्यात्मक मान हो र त्यसलाई प्रति मोल एकाइमा व्यक्त गरिन्छ। ।

---

⌘ दोस्रो संशोधनद्वारा संशोधित ।

α चौथो संशोधनद्वारा संशोधित ।

▯ पाँचौं संशोधन द्वारा संशोधित ।

✂ पाँचौं संशोधन द्वारा झिकिएको ।

🕮 पहिलो संशोधनद्वारा थप ।

<u>स्पष्टीकरणः</u> मोलको जब प्रयोग हुन्छ मौलिक तत्वहरु (इलिमेण्टरी इन्टिटिज) को राम्रो उल्लेख हुनुपर्छ र यो परमाणु, अणु विद्युतशक्तियुक्त परमाणु (आयन्स) इलेक्ट्रन, अरु कणहरु वा त्यस्तो तोकिएको कणको समूह हुन सक्छ ।

📖८ख. <u>नाप तौलका अरु एकाइहरु तोक्ने:</u> (१) नाप तौलको साधारण सभा र कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिस गरेको नाप तौलको मूल एकाइहरुसँग सम्बन्धित पूरक (सप्लिमेण्टरी) उदभूत (डिराइभ्ड) वा अरु एकाइहरु वा स्टाण्डर्ड प्रतिरुप वा परिभाषाहरु तोकिए बमोजिम हुनेछन् ।

<u>स्पष्टीकरणः</u> उदभूत एकाइहरु (डिराइभ्ड युनिटहरु) भन्नाले मूल वा पूरक एकाइबाट वा दुवै एकाइबाट निकालिएको एकाइलाई जनाउँछ ।

(२) नापतौलको साधारण सभा वा कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिस गरेको नाप वा तौलको एकाइहरुसँग सम्बन्धित अपवर्त्य (मल्टिपल्स), अपवर्त (सवमन्टिपल्स), प्राकृतिक स्थिर (फिजिकल कन्सटेण्ट) र अनुपात गुणक (रेशियो अफ को–इफिसेन्सी) तोकिए बमोजिम हुनेछन् ।

(३) नापतौलको साधारण सभा वा कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिस गरे अनुसारको नाप र तौलको विशेष एकाइहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक अवधिको लागि तोक्न सक्नेछ ।

📖८ग. <u>अन्तर्राष्ट्रिय एकाइहरु नेपाली अङ्कमा रहने:</u> (१) गणनाको मूल एकाइ अन्तर्राष्ट्रिय एकाइको आधारमा नेपाली अङ्कहरु हुनेछ [*]<u>र आवश्यकता अनुसार अङ्ग्रेजी अङ्कहरू प्रयोग गर्न सकिनेछ ।</u>

(२) प्रत्येक गणना दशमलव प्रणालीमा हुनेछ ।

[*] पाँचौं संशोधन द्वारा थप ।

(३) गणनाको दशमलव अपवर्त्य (मल्टिपल्स) र अपवर्त (सव मल्टिपल्स) तोकिएको संज्ञा तथा तरिका अनुसार लेखिनेछ ।

📖८घ. स्टाण्डर्ड एकाइहरु: दफा ३, ४, ५, ६, ७, ८, र ८क. मा तोकिएको नाप वा तौलको मूल एकाइहरु र दफा ८ख अन्तर्गत तोकिए बमोजिमको पूरक तथा अरु एकाइहरु नाप वा तौलका स्टाण्डर्ड एकाइहरु हुनेछन् ।

✡९. ................

✡१०. ................

✡११. ................

✡१२. ................

✡१३. ................

१४. कुनै खास किसिमको नाप र तौल चलनमा राख्न दिन सकिने: नेपाल [2]......... को कुनै ठाउँ वा कारोबार वा मालसामानको सम्बन्धमा यो ऐन लागू भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बढीमा पाँच वर्षसम्म त्यस्तो ठाउँ वा कारोबार वा मालसामानको सम्बन्धमा स्टाण्डर्ड राशी र नापका अतिरिक्त सोही सूचनामा तोकिदिएको अरु कुनै नाप र तौलको प्रचलन जारी राख्न अनुमति दिन सक्नेछ ।

तर यो ऐन लागू हुनु भन्दा अगाडि तत्काल प्रचलनमा नरहेको कुनै नाप वा तौल प्रचलनमा ल्याउने गरी नेपाल सरकारले उपदफा (१) अन्तर्गत अनुमति दिन सक्ने छैन ।

१५. प्रचलित नाप र तौललाई स्टाण्डर्ड नाप र तौलमा परिणत गर्ने: (१) यो ऐन लागू हुनु भन्दा अगाडि प्रचलनमा रहेको नाप र तौलको परिमाणलाई स्टाण्डर्ड नाप वा तौलको रुपमा अनुसूचीमा उल्लेख गरिएका अनुपातिक दरमा परिणत गर्न सकिनेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

✡ पहिलो संशोधनद्वारा खारेज ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उपदफा (१) मा उल्लेख गरिएका नाप तौल बाहेक अरु नाप वा तौलको परिमाणलाई स्टाण्डर्ड नाप वा तौलको रुपमा परिणत गर्ने अनुपातिक दर तोक्न सक्नेछ ।

(३) कुनै ऐन वा ऐन अन्तर्गतको कुनै नियम आदेश वा सूचना वा कुनै करार वा लिखतमा उल्लेख गरिएको स्टाण्डर्ड राशी वा नाप बाहेक अरु कुनै नाप वा तौलको परिणाम अवस्था अनुसार अनुसूचीमा वा उपदफा (२) अन्तर्गत निकालिएको सूचनामा उल्लेख गरिएको अनुपातिक दरमा परिणत भएको मानिनेछ ।

(४) कुनै लेनदेन वा व्यवहारको सम्बन्धमा व्यक्त गरिएको कुनै नाप वा तौलको परिमाणलाई स्टाण्डर्ड राशी वा नापको रुपमा यस दफा अन्तर्गत परिणत गर्दा त्यस्तो लेनदेन वा व्यवहारको लागि तोकिए बमोजिमको हिसाबले गरिनेछ ।

१६. प्रमुख स्टाण्डर्ड: (१) नेपाल सरकारले ✂दफा ८घ. वा उल्लेख गरिएको स्टाण्डर्ड राशी वा नाप वा त्यसको अपवर्त्य वा अपवर्त अंश (मल्टिपल्स वा सव–मल्टिपल्स) को सेट बनाउन लगाउन सक्नेछ । त्यस्तो सेटलाई प्रमुख स्टाण्डर्ड भनिनेछ ।

(२) प्रमुख स्टाण्डर्ड तोकिएको वस्तु, डिजायन तथा विवरणको हुनेछ । त्यसलाई तोकिएको व्यक्ति वा अधिकारीले प्रमाणित गरी टाँचा लगाई ▯विभागमा तोकिए बमोजिम राख्नेछ तथा तोकिए बमोजिमको प्रत्येक अवधिभित्र त्यसलाई राष्ट्रिय αस्टाण्डर्डसँग जाँची त्यसमा सो जाँचेको मिति सहितको निस्सा लगाउनु पर्छ ।

१७. माध्यमिक स्टाण्डर्ड: (१) कार्यकारी स्टाण्डर्ड ठीक बेठीक जाँच्नको लागि नेपाल सरकारले आवश्यकता अनुसार प्रमाणित स्टाण्डर्ड नाप र

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

▯ पाँचौं संशोधन द्वारा संशोधित ।

α चौथो संशोधनद्वारा संशोधित ।

तौलको सेटहरु तयार गर्न लगाउन सक्नेछ । ती सेटहरुलाई माध्यमिक स्टाण्डर्ड भनिनेछ ।

(२) माध्यमिक स्टाण्डर्ड तोकिएको वस्तु डिजायन तथा विवरणको हुनेछ । त्यसलाई तोकिएको व्यक्ति वा अधिकारीले प्रमाणित गरी टाँचा लगाई [1]विभागमा तोकिए बमोजिम राखेछ तथा तोकिए बमोजिमको प्रत्येक अवधिभित्र त्यसलाई प्रमुख स्टाण्डर्डसँग जाँची त्यसमा सो जाँचेको मिति सहितको निस्सा लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम म्यादभित्र जाँच गरी टाँचा नलगाएको माध्यमिक स्टाण्डर्डको कानूनी मान्यता हुने छैन र यो ऐनको प्रयोजनको लागि प्रयोग गरिने छैन ।

१८. कार्यकारी स्टाण्डर्ड: (१) व्यापारिक नाप र तौल वा व्यापारिक प्रचलनमा ल्याइने नाप्ने र तौलने यन्त्र ठीक बेठीक जाँच्नको लागि नेपाल सरकारले आवश्यक सम्झे जति प्रमाणित नाप र तौलको सेटहरु र मूल्यवान धातु र जवाहिरातको निमित्त विशेष कार्यकारी नाप र तौलका सेटहरु बनाउन लगाउन सक्नेछ । ती सेटहरुलाई कार्यकारी स्टाण्डर्ड भनिनेछ ।

(२) कार्यकारी स्टाण्डर्ड तोकिएको वस्तु, डिजायन र विवरणको हुनेछ र त्यसमा तोकिएका व्यक्ति वा अधिकारीले तोकिएका तरिकाले प्रमाणित गरी टाँचा लगाई [1]नियन्त्रकले तोकेको ठाउँमा तोकिए बमोजिम राखेछ तथा त्यसलाई तोकिए बमोजिम प्रत्येक अवधिभित्र माध्यमिक स्टाण्डर्डसँग जाँची त्यसमा सो जाँचेको मिति सहितको निस्सा लगाउनु पर्छ ।

तर मूल्यवान धातु र जवाहिरात सम्बन्धी विशेष कार्यकारी स्टाण्डर्डको सेट प्रमुख स्टाण्डर्डसँग जाँचिनेछ ।

[1] पाँचौं संशोधन द्वारा संशोधित ।

(३) उपदफा (२) बमोजिम म्यादभित्र जाँच गरी टाँचा नलगाइएको कार्यकारी स्टाण्डर्डको कानूनी मान्यता हुने छैन र यो ऐनको प्रयोजनको लागि प्रयोग गरिने छैन ।

१९. स्टाण्डर्ड नाप्ने र तौलने यन्त्रः (१) व्यापारिक नाप र तौल वा व्यापारिक प्रचलनमा ल्याइने नाप्ने र तौलने यन्त्र जाँच गर्न चाहिने नाप्ने र तौलने यन्त्र नेपाल सरकारले आवश्यकता अनुसार तयार गर्न लगाउनेछ ।

(२) उपदफा (१) बमोजिमका नाप्ने र तौलने यन्त्र तोकिए बमोजिम जाँच गरी टाँचा लगाई तोकिएको तरिका र सङ्ख्यामा राखिनेछ ।

(३) उपदफा (१) बमोजिमका नाप्ने र तौलने यन्त्रका सेट माध्यमिक वा कार्यकारी सेट राखिएको ठाउँमा राखिनेछ ।

✷१९क. नाप्ने वा तौलने साधन नक्कली बनाउन वा चलन गर्न नहुनेः (१) कसैले नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुनै साधन निर्धारित स्तर भन्दा घटी वा बढी हुने गरी बनाउन वा बनाउन लगाउन वा त्यसरी बनाएको नाप्ने, तौलने, गुणस्तर निर्धारण गर्ने साधन जानीजानी सक्कली सरह चलन गर्न वा चलन गर्ने नियतले राख्न वा बिक्री गर्न वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा नक्कली बनाउन वा नाप्ने, तौलने वा बदनियतपूर्वक गुणस्तर निर्धारण गर्ने साधनको छाप वा टाँचा जानीजानी बिगार्न वा अर्को कुनै साधनको मद्दतले त्यस्तो साधनको नाप्ने, तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पार्न वा त्यस्तो साधनमा नक्कली छाप वा टाँचा लगाउन वा अन्य कुनै उपायद्वारा चलन चल्तीको नाप वा तौललाई घटी बढी हुन सक्ने बनाउन हुँदैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन" भन्नाले कुनै वस्तु वा सेवाको एकाइ, गुण वा परिमाण वा त्यस्तो बस्तु वा सेवाको शुद्धता वा स्तर वा कुनै वस्तुको एकाइ निर्धारण गर्न कानून बमोजिम चलन चल्तीमा रहेको साधन सम्झनु पर्छ ।

---

✷ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) उपदफा (१) बमोजिम बनाएको, चलन चल्तीमा ल्याएको साधन, त्यसलाई बनाउने वा मर्मत गर्ने औजार समेत जफत हुनेछ ।

✷१९ख. नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गर्न नहुनेः (१) कसैले कुनै व्यवसाय, कारोवार वा व्यापारको सिलसिलामा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन प्रयोग गर्नु पर्दा कानून बमोजिम त्यस्तो साधनको चलन चल्तीमा निर्धारण गरिएको नाप, तौल वा स्तरभन्दा घटी वा बढी हुने गरी कपटपूर्ण रूपमा प्रयोग गर्न, अर्को कुनै साधन वा उपायको मद्दतले त्यस्तो साधनको चलन चल्तीको नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुरामा प्रतिकूल प्रभाव पार्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

२०. स्टाण्डर्ड नाप र तौल बाहेक अरु नाप र तौल प्रचलनमा ल्याउन नपाइनेः (१) दफा १४ र २४ बमोजिम नेपाल सरकारले अन्यथा अनुमति दिएमा बाहेक प्रचलित कानूनमा वा प्रचलनमा जेसुकै भए तापनि यो ऐन लागू भएको तीन महिना पछि यो ऐन लागू भएको क्षेत्रभित्र वा यो ऐन लागू भएको कारोबार र मालसामानको सम्बन्धमा स्टाण्डर्ड नाप वा तौल बाहेक अरु किसिमको नाप वा तौलको व्यवहार गर्न वा त्यस्तो कुनै नाप वा तौलको एकाइद्वारा कुनै वस्तुको मूल्य किट्न वा परिमाण तोक्न हुँदैन ।

(२) कुनै किसिमको रीति, रिवाज, चलन वा व्यवहार अनुसार व्यापारको कुनै वस्तुको सम्बन्धमा गरिएको करार वा कारोबारमा कुनै व्यापारी वा बिक्रेता वा ग्राहकले नाप वा तौलले तौलने निश्चित गरेको परिमाण भन्दा घटी वा बढी माग्ने वा लिने वा माग्न लगाउने वा लिन लगाउने गरेको भए यो ऐन लागू भएको मितिदेखि त्यस्तो रीति, रिवाज, चलन र व्यवहार निष्क्रिय भएको मानिनेछ ।

✷ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप ।



कानून तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (१) को बर्खिलाप गरिएको काम कारोबारको कानूनी मान्यता हुने छैन ।

[⁸](४) वस्तुको उत्पादन वा बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले आफूले उत्पादन वा बिक्री वितरण गर्ने वस्तुको नाप वा तौलको परिमाण यकिन गर्न नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र सम्बन्धित उद्योग वा बिक्री वितरणस्थलमा राख्नु पर्नेछ।

[⁸](५) व्यापारिक कारोबार गर्दा त्यस्तो कारोबारको लागि अनुमति लिए बमोजिमको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गर्नु पर्नेछ। त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग नगरी अन्य तरिकाबाट कारोबार गर्नु हुँदैन।

२१. खास कुरामा केवल नाप मात्र वा तौल मात्र प्रयोग गर्न निर्देश दिन सकिने: यो ऐन मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको मितिदेखि कुनै खास क्षेत्रभित्र कुनै खास व्यापार, लेनदेन वा करारका सम्बन्धमा खास खास शर्तहरुका अधीनमा रही नापेर वा तौलेर मात्र कारोबार गर्न निर्देश दिन सक्नेछ ।

[⁸]२१क. विभागको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

)क) नापतौलको सम्बन्धमा केन्द्रीय निकायको रूपमा काम गर्ने,

)ख( नापतौलका एकाइको स्टाण्डर्डहरू कायम गर्ने तथा त्यस्ता स्टाण्डर्डहरूको संरक्षण गर्ने,

(ग) स्टाण्डर्डहरूको अन्तर्राष्ट्रिय प्रणाली बमोजिम ट्रेयासिबिलिटी कायम गर्ने,

---

[⁸] पाँचौं संशोधन द्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) व्यापारिक प्रयोजनको लागि प्रयोगमा ल्याइएका नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको जाँच गर्ने, गराउने,

(ङ) नापतौल यन्त्रको प्रयोग सम्बन्धमा जनचेतना अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(च) यस ऐन बमोजिम स्टाण्डर्ड नापतौल वा नाप्ने र तौलने यन्त्रको प्रयोग भए, नभएको सम्बन्धमा प्रदेशको सम्बन्धित निकाय वा स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्ने, गराउने,

(छ) नाप वा तौलको परिमाणका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधान गर्ने,

(ज) अंशाङ्कन (क्यालिब्रेशन) सेवा प्रदान गर्ने, र

(झ) नापतौल सम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क, समन्वय तथा सहकार्य गर्ने।

[ĕ]**२१ख.** <u>नापतौल प्रयोगशालाः</u> नापतौल सम्बन्धी जाँच, अध्ययन, अनुसन्धान तथा विकास सम्बन्धी कार्य गर्न विभागमा एक राष्ट्रियस्तरको नापतौल प्रयोगशाला रहनेछ ।

परिच्छेद – ३

<u>नाप र तौलको जाँच र टाँचा लगाउने</u>

२२. <u>व्यापारिक नाप र तौलमा परिमाण र संज्ञा अङ्कित हुनु पर्नेः</u> व्यापारिक नाप वा तौलमा नाप्ने नाप र तौलने तौलको संज्ञा र परिमाण स्पष्टरुपले अङ्कित भएको हुनु पर्छ र तोकिए बमोजिम जाँचको स्पष्ट छाप लगाइएको हुनु पर्छ ।

२३. <u>टाँचा नलागेको व्यापारिक नाप र तौलको बिक्री वितरण वा प्रयोग गर्न निषेधः</u> दफा २४ मा अन्यथा लेखिएकोमा बाहेक तोकिए बमोजिम जाँच

---

[ĕ] पाँचौं संशोधन द्वारा थप।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नभएको र निरीक्षकद्वारा सो जाँचको टाँचा नलगाइएको कुनै पनि व्यापारिक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्री, वितरण वा व्यवहारमा ल्याइने छैन ।

[ɸ]२३क. <u>रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्न सक्ने</u>ः (१) कसैले यस ऐन विपरीत हुने गरी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्री वितरण वा प्रयोग गरेको पाइएमा निरीक्षकले त्यस्तो नाप्ने वा तौलने यन्त्र प्रयोगमा रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोगमा रोक लगाउने, नियन्त्रणमा लिने वा जफत गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२४. <u>छुट दिने नेपाल सरकारको अधिकार</u>: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी देहाय बमोजिमको व्यवस्था गर्न सक्नेछः–

(क) कुनै खास किसिमको कारोबारमा वा विदेशी मुलुकसँगको व्यापारमा मेट्रिक प्रणाली बाहेक अरु कुनै प्रणालीको नाप तौल वा नाप्ने तौलने यन्त्र जाँच नभएको भए तापनि प्रमाणितसम्म गरी प्रयोग गर्न दिने,

(ख) खास किसिमको नाप्ने वा तौलने यन्त्र जाँच भइसकेको अवस्थामा मात्र प्रयोगमा ल्याउन दिने, र

(ग) खास किसिमको नाप्ने वा तौलने यन्त्र जाँच गराउन नपर्ने ।

२५. <u>नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्न अनुमतिपत्र लिनु पर्ने</u>: व्यापारी तथा व्यवसायीले नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्न तोकिएको समयभित्र तोकिएको दस्तुर तिरी आफ्नो नाम दर्ता गराई [✂]<u>निरीक्षकबाट</u> अनुमतिपत्र लिनु पर्छ ।

---

[ɸ] पाँचौं संशोधन द्वारा थप।

[✂] दोस्रो संशोधनद्वारा संशोधित।

*२६. <u>इजाजतपत्र नलिई गर्न नहुने:</u> निरीक्षकबाट तोकिएको दस्तुर तिरेर तोकिए बमोजिम इजाजत प्राप्त नगरी कुनै व्यक्तिले आफ्नो व्यापारको सिलसिलामा व्यापारिक नाप वा तौल वा नाप्ने यन्त्र वा तौलने यन्त्र बनाउन, मर्मत गर्न, बिक्री गर्न वा तोकिएको नाप्ने वा तौलने सेवाको व्यवसाय गर्न हुँदैन ।

♣२६क. <u>नमूनाको अनुमति (मोडेल एप्रुभल) लिनु पर्ने:</u> (१) नाप्ने वा तौलने यन्त्र उत्पादन वा पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो यन्त्र उत्पादन वा पैठारी गर्नु अघि विभागबाट नमूनाको अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उत्पादन वा पैठारी गरिएको नाप्ने वा तौलने यन्त्रको स्वरूपमा परिवर्तन गर्नु हुँदैन।

(३) उपदफा (१) बमोजिम अनुमति प्रदान गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

◙२७. <u>मोहरबन्द प्याकेजको नाप तौल:</u> (१) मोहरबन्द प्याकेजमा रहेको वस्तुको नाप वा तौल स्पष्ट उल्लेख गरी लेबल लगाएको हुनु पर्नेछ। लेबल नलगाइएको मोहरबन्द प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्देश्यले राख्न हुँदैन।

(२) मोहरबन्द प्याकेजमा लेबल बाहेक कुनै छुट्टै घोषणा वा जानकारी उल्लेख गर्नु पर्ने भएमा त्यस्तो घोषणा वा जानकारी समेत उल्लेख गर्नु पर्नेछ।

(३) मोहरबन्द प्याकेजको लेबलमा प्याकेजभित्र रहेको वस्तुको खुद परिमाण उल्लेख गर्दा बिक्री वितरणका लागि राखिएको त्यस्तो वस्तुको प्याकेज वा भाँडोको तौल बाहेकको परिमाण उल्लेख गर्नु पर्नेछ।

(४) मोहरबन्द प्याकेजको स्टाण्डर्ड साइज, लेबल, घटी, बढीको हद, खुद र कुल परिमाण पत्ता लगाउने जाँच विधि तथा मोहरबन्द प्याकेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

♣ पाँचौं संशोधन द्वारा थप ।

◙ पाँचौं संशोधन द्वारा संशोधित ।

२८. <u>निरीक्षकको काम, कर्तव्यः</u> (१) निरीक्षकले नियन्त्रकले तोकिदिएको क्षेत्र र समयमा नाप र तौल तथा नाप्ने र तौलने यन्त्र जाँच गर्नु पर्छ ।

(२) निरीक्षकले आफ्नो समक्ष जाँचको निमित्त ल्याइएका नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम जाँची ठीक देखिएमा तोकिएको दस्तुर लिई तोकिए बमोजिम जाँचको टाँचा लगाउनु पर्छ ।

(३) जाँच गरिनु पर्ने कुनै पनि नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाँच नगरी राख्नु हुँदैन ।

(४) निरीक्षकले व्यापारिक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रले बिक्री गरिएको वा दिएको वस्तुको नाप वा तौल वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र राखिएको कुनै पनि स्थानमा गई जाँच गर्न सक्नेछ ।

(५) निरीक्षकले कुनै व्यापारी वा निजले आफ्नो कामको निमित्त नियुक्ति गरेको कुनै व्यक्तिले प्रयोगमा ल्याएका वा त्यस्तो व्यापारी वा व्यक्तिसँग रहेको वा व्यापारको कामको लागि कुनै स्थानमा राखिएको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र र सो सम्बन्धी सबै लिखत पेश गर्न आदेश दिन सक्नेछ र त्यस्तो व्यापारी वा व्यक्तिले पनि सो आदेश बमोजिमको यन्त्र वा लिखत पेश गर्नु पर्छ ।

(६) निरीक्षकलाई नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको सम्बन्धमा कसैले यस ऐन अन्तर्गत कुनै कसूर गरेको वा गर्न लागेको छ भन्ने शङ्का लागेमा निजले त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रले बिक्री गरेको वा दिएको वा दिन लागेको वस्तु र सम्बन्धित सबै लिखत आफ्नो कब्जामा लिन सक्नेछ ।

(७) निरीक्षकलाई कुनै पनि मोहर बन्द प्याकेजमा रहेको वस्तुको नाप वा तौल सो प्याकेजको लेबलमा उल्लिखित नाप वा तौल भन्दा कम

छ भन्ने शङ्का लाग्ने कारण भएमा निजले त्यस्तो प्याकेजको मोहर तोडी प्याकेजमा रहेको वस्तुको नाप वा तौलको जाँच गर्न सक्नेछ ।

(८) निरीक्षकले उपदफा (७) बमोजिम जाँच्दा प्याकेजको वस्तुको नाप वा तौल ठीक नदेखिएमा प्याकेज र त्यसभित्र रहेको वस्तु आफ्नो कब्जामा लिन सक्नेछ र ठीक देखिएमा प्याकेजको उचित मूल्य सो प्याकेजको धनीलाई दिनेछ ।

[*](९) निरीक्षकको कार्यक्षेत्रभित्रको प्रदेश तथा स्थानीय तहको कुनै निकाय वा कार्यालयले नाप वा तौल तथा नाप्ने वा तौलने यन्त्रको सम्बन्धमा परामर्श मागेमा निरीक्षकले त्यस सम्बन्धमा परामर्श दिनु पर्नेछ।

[†]२९. **पुनरावेदनः** यस ऐन बमोजिम निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर नियन्त्रक समक्ष र जिल्ला अदालतले गरेको निर्णय वा सजायको आदेश उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद–४
## सजाय

[†]३०. **सजायः** (१) निरीक्षकले देहाय बमोजिमको कसुर गर्ने व्यक्ति वा संस्थालाई देहाय बमोजिम जरिबाना गर्नेछः-

(क) दफा २० को उपदफा (४) विपरीत हुने गरी काम गरे वा गराएमा एक हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म,

(ख) दफा २१ बमोजिम नेपाल सरकारले दिएको निर्देशन पालना नगरेमा वा त्यस्तो निर्देशन विपरीत काम गरेमा पाँच हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---
[*] पाँचौं संशोधन द्वारा थप ।

[†] पाँचौं संशोधन द्वारा संशोधित ।

(ग) दफा २५ विपरीत हुने गरी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गरेमा एक हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म,

(घ) दफा २७ विपरीत हुने गरी कुनै कार्य गरेमा पाँच हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म,

(ङ) कुनै वस्तुको नाप वा तौलको आधारमा बिक्री वा कारोबार गर्दा जुन नाप वा तौलको परिमाणको खरिद, बिक्री वा कारोबार गरेको हो, सो नाप वा तौलले निश्चित गरेको परिमाण भन्दा घटी बढी गरी लिए वा लिन लगाएमा वा दिए वा दिन लगाएमा निजलाई पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म,

तर निर्माण सामग्री, सुन, चाँदी वा मूल्यवान धातु, पेट्रोलियम पदार्थ, एल.पी.जी. सिलिण्डर वा उद्योगको हकमा निजलाई पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "निर्माण सामग्री" भन्नाले सिमेण्ट, छड, इँटा, गिट्टी, बालुवा, जियो-टेक्स्टाइल, पेण्ट, सिमेण्ट बोर्ड, झ्याल ढोकामा प्रयोग हुने काठ, शिशा, यू.पी.भी.सी. र बिजुलीको तार समेतलाई जनाउँछ।

(च) दफा २० को उपदफा (१) र (५), दफा २३, २६ र २६क. विपरीत हुने गरी कुनै कार्य गरेमा, त्यस्तो कार्य गर्ने उद्योग गरेमा, त्यस्तो कार्य गर्न कसैलाई दुरूत्साहन दिएमा वा यो ऐन बमोजिम निरीक्षकले आफ्नो कर्तव्य पालनाको सिलसिलामा

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

कुनै काम गर्दा त्यसमा बाधा अवरोध पुऱ्याएमा पच्चीस हजार रूपैयाँसम्म, र

(छ) यस दफामा लेखिएदेखि बाहेक कसैले यस ऐन विपरीत हुने अन्य कुनै कार्य गरेमा दश हजार रूपैयाँसम्म।

(२) कसैले कुनै स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाली वा घटी, बढी बनाएमा वा बनाउन लगाएमा वा त्यस्तो जाली वा घटी, बढी नाप्ने वा तौलने यन्त्र जानी-जानी सक्कली रूपमा व्यवहार गरेमा वा व्यवहार गर्ने उद्देश्यले राखेमा वा बिक्री गरे वा गराएमा वा यस ऐन बमोजिम स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा लगाउने टाँचा बिगारेमा वा जाली टाँचा लगाएमा वा लगाउन लगाएमा वा बनाएमा वा राखेमा वा नाप वा तौलमा वा नाप्ने वा तौलने यन्त्रको वास्तविक भन्दा बाहेकका अन्य कुनै यन्त्र वा त्यस्तै कुनै वस्तु प्रयोग गरी घटी, बढी गराएमा वा गराउने उद्देश्यले राखेमा वा राख्न लगाएमा वा कुनै प्रविधि प्रयोग गरी जाली सफ्टवेयर बनाई नाप वा तौलको परिमाणमा घटी वा बढी गराएमा तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) यस ऐन विपरीत हुने गरी निरीक्षकले जानी-जानी नापतौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा लगाएमा निजलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

❐३०क. <u>सरकारी बाँकी सरह असुल उपर गर्नेः</u> (१) यो ऐन बमोजिम निरीक्षकले गरेको निर्णयबाट दाखिल गर्नु पर्ने जरिबाना त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र जरिबानाको रकम दाखिल नगरेमा त्यस्तो रकम नेपाल सरकारले तोकेको कार्यालय वा

---

❐ दोस्रो संशोधनद्वारा थप ।

अधिकारीले प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरी लिनेछ ।

## परिच्छेद–५

## विविध

३१. टाँचा लगाइएको नाप तौल वा नाप्ने तौलने यन्त्रको कानूनी मान्यताः यो ऐन वा यस अन्तर्गत बनेका नियमहरु बमोजिम टाँचा लागेको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र ठीक छैन भनी अदालतबाट प्रमाणित नभएसम्म ठीक मानिनेछ ।

३२. सङ्गठित संस्था वा फर्मले गरेको कसूरको दायित्वः (१) यो ऐन अन्तर्गतको कसूर कनै सङ्गठित संस्था वा फर्मले गरेमा सो कसूर गरेको समयमा फर्मको हकमा सो फर्मको हिस्सेदार र सङ्गठित संस्था भए सो संस्थाको सञ्चालन गर्ने मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरु कसूरदार ठहरी सजायको भागी हुनेछन् ।

तर त्यस्तो हिस्सेदार वा सञ्चालन गर्ने मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरुले त्यस्तो कसूर हुन नदिन सकभर प्रयास गरेको वा त्यस्तो कसूर गरेको थाहा नभएको भनी प्रमाणित गरेमा सजायको भागी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सङ्गठित संस्था वा फर्मले यो ऐन अन्तर्गतका कसूर गरेमा र त्यस्तो कसूर फर्मको हकमा सो फर्मको हिस्सेदार वा सङ्गठित संस्था भए सो संस्थाको मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरुको स्वीकृति वा लापरवाहीले भएको भन्ने प्रमाणित भएमा त्यस्तो हिस्सेदार वा मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरुले कसूर गरेको मानी सजायको भागी हुनेछ ।

३३. असल नियतले काम गरेकोमा बचाउः यो ऐन बमोजिम असल नियत लिई गरेको वा गर्न खोजको कुनै कामको सम्बन्धमा कुनै सरकारी कर्मचारी उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन ।

f३३क. मुद्दाको तहकिकातः (१) दफा १९क., १९ख. र दफा ३० को ▓उपदफा (२) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात र दायरी निरीक्षकले गर्नेछ ।

(२) दफा ३० को ▓ उपदफा (३) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात र दायरी ▓नियन्त्रकले तोकेको अधिकृतले गर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम तहकिकातको काम पूरा भएपछि तहकिकात गर्ने अधिकारीले मुद्दा दायर गर्ने हदम्याद अगावै अनुसन्धान प्रतिवेदन सरकारी वकील समक्ष पेश गर्नु पर्नेछ ।

३४. नेपाल सरकार वादी हुनेः यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी भै चलाइनेछ ।

३५. अधिकार प्रत्यायोजनः नेपाल सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरु बमोजिम प्राप्त सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकेको अधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

⌛३५क. प्रदेश तथा स्थानीय तहले अनुगमन गर्न सक्नेः (१) यस ऐन बमोजिम नापतौल तथा नाप्ने वा तौलने यन्त्रको जाँच गराए, नगराएको, इजाजतपत्र तथा अनुमतिपत्र लिए, नलिएको वा त्यस्तो इजाजतपत्र तथा अनुमतिपत्रको नवीकरण गराए, नगराएको सम्बन्धमा प्रदेश तथा स्थानीय तहले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(२) प्रदेश वा स्थानीय तहले नेपाल सरकारले निर्धारण गरेको मापदण्डका आधारमा विभागसँग समन्वय गरी अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुगमन गर्दा कसैले यस ऐन विपरीतको कार्य गरेको पाइएमा अनुगमन गर्ने अधिकारीले

---

f मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

▓ पाँचौं संशोधन द्वारा संशोधित ।

⌛ पाँचौं संशोधन द्वारा थप ।



कानून तथा संसदीय मामिला मन्त्रालय

कारबाहीका लागि विभाग वा अन्तर्गतको कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम अनुगमनको क्रममा सम्बन्धित प्रदेश वा स्थानीय कानून बमोजिम कारबाही गर्नु पर्ने कुनै विषय देखिएमा त्यस्तो कानून बमोजिम समेत प्रदेश वा स्थानीय तहले कारबाही गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम प्रदेश वा स्थानीय तहबाट कारबाहीका लागि लेखी आएमा विभाग वा कार्यालयले तत्काल आवश्यक छानबिन गरी यस ऐन बमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ।

३६. नियमहरु बनाउने अधिकारः (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरुमा देहायका सबै वा केही कुराको व्यवस्था गर्न सकिनेछः–

(क) प्रमुख स्टाण्डर्ड, माध्यमिक स्टाण्डर्ड र कार्यकारी स्टाण्डर्ड जाँच गर्ने कार्यविधि,

(ख) नाप्ने वा तौलने यन्त्र राख्न हुने सङ्ख्या, त्यसलाई जाँच्ने र त्यसमा टाँचा लगाउने तरिका र त्यस सम्बन्धमा अन्य आवश्यक कुराहरु,

(ग) व्यापारिक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बनाउने निर्माताले त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्रमा टाँचा लगाउने किसिम,

[α](घ) व्यापारिक नाप वा तौल वा नाप्ने यन्त्र वा तौलने यन्त्र बनाउने मर्मत गर्ने, बिक्री गर्ने वा नाप्ने वा तौलने सेवा प्रदान गर्ने व्यक्तिलाई ईजाजतपत्र दिंदा अपनाउनु पर्ने तरिका र ईजाजतपत्र पाउने व्यक्तिले पालन गर्नु पर्ने शर्त,

---

α चौथो संशोधनद्वारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाँच गर्ने र त्यसमा टाँचा लगाउने अवधि र त्यसलाई रद्दी गर्ने अवस्था,

(च) नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको हिसाब किताब अभिलेख राख्ने र देखाउने तरिका,

(छ) व्यापारिक नाप वा तौलको नाप वा तौल र नाप्ने वा तौलने यन्त्रको घटी बढीको हद तोक्ने,

(ज) प्रमुख स्टाण्डर्ड, माध्यमिक स्टाण्डर्ड र कार्यकारी स्टाण्डर्डको नाप र तौलको घटी बढीको हद तोक्ने,

(झ) कुनै व्यापार वा कुनै व्यापारको किसिममा वस्तु बेच्दा मान्यता दिइने घटी बढीको हद तोक्ने,

(ञ) यो ऐन बमोजिम अनधिकृत नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जफत गर्ने, रोक्का गर्ने वा छुट दिने,

(ट) कुनै नाप वा तौललाई स्टाण्डर्ड राशी र नापको रुपमा परिणत गर्दा परिमाण व्यक्त गर्ने तरिका अपनाउने ◙।

(ठ) ✂

३७. <u>बचाउः</u> यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्य कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

३८. <u>खारेजः</u> स्टाण्डर्ड नाप तौल ऐन, २०२० लाई खारेज गरिएको छ ।

---

◙ पाँचौं संशोधन द्वारा संशोधित ।

✂ पाँचौं संशोधन द्वारा झिकिएको ।

<u>द्रष्टव्यः</u>- (१) बहुमूल्य रत्नहरुको खरिद बिक्री लेनदेनको कारोबारमा बाहेक अन्य सबै कारोबार र मालसामानका सम्बन्धमा अरु दफा प्रारम्भभई सकेका झापा, मोरङ, सुनसरी, सप्तरी, धनुषा, रौतहट, बारा, पर्सा, चितवन, मकवानपुर, काठमाडौं, पाटन, भक्तपुर, काभ्रे, कास्की, पाल्पा, रुपन्देही र बाँके जिल्लाहरुमा ऐनको दफा २क, ८क, ८ख, ८ग, ८घ, र दफा ३३क २०३४।२।१७ देखि प्रारम्भ । (नेपाल राजपत्र - २०३४।२।१७)

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-

अनुसूची

दफा १५ सँग सम्बन्धित

तौलको स्टाण्डर्ड

| | | | |
|---|---|---|---|
| १ | ग्रेन | ०.००००६४७९९ | किलोग्राम |
| १ | औंस | ०.०२८३४९५ | किलोग्राम |
| १ | पौण्ड | ००.४५३५९२४ | किलोग्राम |
| १ | हन्ड्रेडवेट | ५०.८०२ | किलोग्राम |
| १ | टन | १०१६.०५ | किलोग्राम |
| १ | कम्पनी तोला | ०.०११६६३८ | किलोग्राम |
| १ | मोहर तोला | ०.०११०८०६ | किलोग्राम |
| १ | पाउ मोहर तोला | ०.१९९४५०८ | किलोग्राम |
| १ | धार्नी | २.३९३४०९६ | किलोग्राम |
| १ | सेर (कम्पनी तोला) | ०.९३३१० | किलोग्राम |
| १ | मन | ३७.३२४२ | किलोग्राम |

नापको स्टाण्डर्ड

| | | | |
|---|---|---|---|
| १ | इन्च | ०.०२५४ | मिटर |
| १ | फुट | ०.३०४८ | मिटर |
| १ | गज | ०.९१४४ | मिटर |
| १ | माइल | १६०९.३४४ | मिटर |
| १ | पाथी | ४.५४५९६ | लिटर |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(३) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरु:-

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।